वैदेशिक रोजगारमा जाने निर्णय गरिसक्नु भएको छ भने स्काफ फोल्डिङ, सटरिङ कार्पेन्ट्री, आर्क वेल्डिङ,क्लिभर, स्टिल फिक्चर, वेटर हाउस किपिङ, प्लम्बर, विल्डिङ इलेक्ट्रिसियन र सेक्युरिटी गार्डको तालिम निःशुल्क प्राप्त गर्न सक्नुहुनेछ ।

जिल्ला विकास समिति, कास्की
वैदेशिक रोजगारीका लागि सुरक्षित आप्रवासन 'सामी' परियोजना
सूचना तथा परामर्श केन्द्र, कास्की
फोन : ०६१-४६४४२५

राष्ट्रिय दैनिक

गोल्डेन न्यूज

Golden News National Daily

○वर्ष ८ ○अंक १२७ ○श्रेणी 'क' ○२०७२ माघ २५ गते सोमबार ○ 8 Feb. 2016 ○पृष्ठ ४ ○मूल्य रू. ५/-

Office Sale!

1500 Sq Ft. office Sale in front of Ratna emporium with inverter/Ac/Furniture/phone/intercom/wifi fully Decorated 3 cabin with 1for rest,Totally tiles floor & attached toilet (western)

Cost:- Rs 40 lakhs but negottable

Interested parties may contact on following number as early as possible

Contact:-98161-02216

कास्की कांग्रेसमा केसी र शर्मा भिड्दै

❖क्षेत्रीय अधिवेशनको बदला लिने दाउमा पुराना नेताहरु ❖शर्माको पक्षमा संस्थापनका यज्ञ र जीवन, देउवापक्षका महादेवमात्र ❖देउवा पक्षका अधिकांशको समर्थन केसीलाई ❖संस्थापनका तारानाथ रानाभाट समेत केसीकै पक्षमा

गोल्डेन न्यूज संवाददाता
पोखरा २४ माघ ।

नेपाली कांग्रेसको १३औं महाधिवेशन अन्तर्गत मुलुकका ७५ वटै जिल्लाको अधिवेशन आज हुँदैछ । अधिवेशनका लागि पाटीको संस्थापन पक्ष र वरिष्ठ नेता शेरबहादुर देउवाका पक्षधरहरु बीच नेतृत्व लिने होडबाजी सबैजसो जिल्लामा देखिएको छ ।

कास्की जिल्लामा पनि पाटीको नेतृत्व लिनका लागि धेरै जना आकांक्षी भएपनि अन्तिममा २ जनाको बीचमा मात्र प्रतिस्पर्धा हुने देखिएको छ । सभापतिमा चाहना गरेका देवराज चालिसेले जोखिम मोल्न नसकेपछि र उनलाई समर्थन गर्ने कास्कीका नेताहरु नभएकोले उम्मेदवारी घोषणा गर्ने अटि गर्न सकेनन् । यसैगरी गुरु बरालले देउवा पक्षबाट उम्मेदवार बन्ने प्रयास गरेपनि उनको जित्ने सम्भावना कम देखिएपछि देउवा पक्षले उनलाई उम्मेदवारको रुपमा प्रस्तुत गर्न चाहेन । अर्का आकांक्षी कृष्ण काकी पनि आफूलाई साथ दिन्छु भन्ने जिल्लाका नेताले धोका दिएको भन्दै रुष्ट बनेका छन् । जसका कारण अब सोमबारको निर्वाचन प्रक्रियामा पार्टीका वर्तमान जिल्ला सभापति कृष्ण केसी र १२ वर्ष अघि १७ वर्ष जिल्ला सभापति बनेका शुक्रराज शर्माले मात्र उम्मेदवारी दिने भएका छन् । निर्वाचन प्रक्रिया सोमवार बिहान नै शुरु हुने भएकाले अन्यले उम्मेदवारी दिएपनि प्रतिस्पर्धा भने केसी र शर्माका बीचमा मात्र हुने देखिन्छ ।

केसी र शर्मा दुवैले कास्की कार्यालयमा आइतवार दिउसो सभापति पदमा उम्मेदवारी दिने घोषणा गरेका थिए । केसीले उम्मेदवारी घोषणा गर्दा अन्य नेताहरु केसीलाई मञ्चमा राखेनन् । तर शर्माले भने यज्ञबहादुर थापा, जीवन परियार,महादेव गुरुङ लगायतलाई मञ्चमा राखेका थिए। मञ्चमा राखिएका नेताहरु मध्ये महादेव गुरुङले मात्र छोटो भनाइ राखदै शर्मालाई समर्थन गर्ने बताए । शर्माको उम्मेदवारी घोषणा पछि उनलाई संस्थापन र देउवा पक्ष दुवैको समर्थन रहेको भनि उनका कार्यकर्ताले बहुप्रचार गरेको भएपनि देउवा पक्षका नेताहरुले भने शर्मालाई आफूहरुको समर्थन नरहेको स्पष्ट पारेका छन् । देउवा पक्षका नेता खेमराज पौडेलले आइतवार साँझ गोल्डेन न्यूज दैनिकसँग भने-'शुक्रराजको उम्मेदवारीलाई कास्कीका देउवा पक्षका नेता र कार्यकर्ताहरुले समर्थन गरेका छैनन् ।' पौडेलको यो भनाइले कास्कीका देउवा पक्षका नेता कार्यकर्ताको समर्थन कृष्ण केसीलाई मिल्ने देखिन्छ । पौडेलेभाइ नभइ देउवा पक्षका अर्का नेता शोभियतबहादुर अधिकारीले पनि शुक्रराजको क्रियाकलाप प्रति जिल्लाका कांग्रेस नेता कार्यकर्ता असन्तुष्ट रहेको भन्दै विवेक प्रयोग गरेर मतदान गर्ने विश्वास व्यक्त गरे । आफू पाटी कार्यालयमा रहेकै बेलामा कृष्ण केसी र शुक्रराज दुवैले उम्मेदवारी घोषणा गरेको जानकारी दिँदै नेता अधिकारीले भने-'म दुवैको उम्मेदवारी घोषणा हुँदा मञ्चमा गइन र तल अन्य साथीहरुसंग बसिरहेको थिएँ ।' पार्टीको महाधिवेशनमा शेरबहादुर देउवालाई सहयोग गर्छु भनेर शुक्रराजजीले हात्तीसंग हार-गुहार गरिरहेका छन्, तर विश्वासिलो आधार अझै तयार भएको छैन,'- अधिकारीले भने । शुक्रराजले महाधिवेशनमा शेरबहादुर देउवालाई सहयोग गर्ने वचनबद्धता गर्ने हो भने जिल्लाका संस्थापन पक्षका नेता कार्यकर्ताको समेत समर्थन फुस्किने सम्भावना छ । त्यसरी शर्मालै देउवा र संस्थापन दुवै पक्षलाई धमाधम राख्दै आफूलाई सभापतिमा समर्थन गर्न याचना गरिरहेका छन् ।

संस्थापन पक्षका कास्कीका नेता यज्ञबहादुर थापा र जीवन परियार समेत शुक्रराजलाई शंकाको दृष्टिकोणले हेर्न थालेका छन् । तर थापा र परियारको रोजाइमा कृष्ण केसी नपर्ने भएपछि उनीहरुकी समर्थन फुस्किने सम्भावना छ ।

यता, कृष्ण केसी पनि आफूलाई संस्थापन पक्षको उम्मेदवारको रुपमा प्रस्तुत गरेका छन् । उनले आफू जहिले पनि नेतृत्व हस्तान्तरण र परिवर्तनको पक्षमा रहेको बताउदै आएका छन् । यस पटक केसीलाई संस्थापन पक्षका नेता तथा पूर्वमहामन्त्री तारानाथ रानाभाट सहित संस्थापन पक्षका नेता र कार्यकर्ताको समर्थन देखिएको छ । महाधिवेशन प्रतिनिधि घोषणा गरेको जानकारी दिँदै नेता अधिकारीले भने-'म दुवैको परिवर्तनको पक्षमा आवाज उठाउँदै आएकाले केसीलाई समर्थन गर्ने देखिन्छ । देउवा पक्षका नेता पूर्व सहायम मन्त्री प्रकाश बहादुर गुरुङ, भोजबहादुर गुरुङ लगायतका सबैसंसी नेताहरु र कार्यकर्ताहरुले समेत शुक्रराजको कार्यशैलीका कारण केसीलाई समर्थन गर्ने जनाएका छन् । केसी र शर्मा बीच प्रतिस्पर्धा हुँदा कतिपयले शर्मालाई त कतिपयलाई केसीलाई बलियो भन्दै विश्लेषण गर्न थालेका छन् । चुनाव जितका लागि करिब ५५० मत आवश्यक पर्ने भएकाले त्यति मत जुटाउन दुवै पक्षले कसरत गरिरहेका छन् । क्षेत्रीय अधिवेशनमा पराजित भएका इमान्दार र निष्ठावान नेता कार्यकर्ताहरु जिल्ला अधिवेशनमा आफूलाई हराउने शक्तिसंग बदला लिने दाउमा छन् ।

विशेषगरि कास्कीका पुराना इमान्दार र निष्ठावान नेता कार्यकर्ता हरु महाधिवेशन प्रतिनिधिमा शरिपछि त्यसको प्रभाव जिल्ला अधिवेशनमा पर्ने निश्चित छ । पुराना कांग्रेस नेता खेमराज पौडेल, गजेन्द्रनिधि कोइराला, सुन्दर विजय कोइराला, शोभाचन्द्र बराल, पुलेन्द्रमान श्रेष्ठ, निर्मल कर्माचार्य, नन्दप्रसाद तिवारी, भैरवराज पराजुली, रामप्रसाद अधिकारी, दिवसमान प्रधानाङ्ग, भोजबहादुर गुरुङ, खुशीमान गुरुङ, यज्ञेश्वर पोखरेल, डा. परमेश्वर पोखरेल लगायतकी पराजय पछाडि शुक्रराज शर्मा र उनको टीम नै कारक बनेकोले जिल्ला अधिवेशनमा शुक्रराजको विरुद्ध उनीहरुको शक्ति प्रयोग हुने सम्भावना छ ।

'त्यागी र निष्ठावान कार्यकर्तालाई कुनै अवसर नदिने तर आफूले १७ वर्षसम्म सभापति पटक-पटक सांसदको टिकट र राष्ट्रिय सभाको सदस्य समेत बनेर सबै विभिसको सुविधा लिएको व्यक्तिले बुझेकालमा पुनः जिल्लाकै सभापति पदमा लोभ देखाउनु कुनैपनि दृष्टिकोणले जायज मान्न सकिदैन'-महाधिवेशन प्रतिनिधिमा पराजित एक युवा नेताले भने । पार्टीको वर्तमान जिल्ला कार्यसमितिका उपसभापति विष्णु प्रसाद वस्तोला सहितका अधिकांश पदाधिकारी र सदस्यहरु पनि शर्माको उम्मेदवारीको विपक्षमा देखिएका छन् ।

जिल्ला अधिवेशनले १ सभापति, १ सचिव, १ कोषाध्यक्ष सहित कार्यसमितिका सदस्यहरुको चयन गर्नेछ । सभापति पदमा २ जनाबीच प्रतिस्पर्धा हुने स्पष्ट भएपनि सचिव र कोषाध्यक्षमा कतिजनाको उम्मेदवारी पर्छ भन्ने स्पष्ट भएको छैन । सचिवमा युवराज कुँवर, सुदिपमोहन भट्टराई, दुर्गा तिमिल्सिना, विष्णु पौडेल, दीपक गुरुङ लगायतको नाम चर्चामा छ भने कोषाध्यक्षमा इन्द्र कुँवर र लक्ष्मी पाण्डेको नाम चर्चामा छ । सचिवका आकांक्षीमध्ये युवराज वर्तमान सचिव हुन् । यसैगरी भट्टराई नेविसंघका पूर्व केन्द्रीय सदस्य र महाधिवेशन प्रतिनिधि समेत हुन् भने तिमिल्सिना पुराना कांग्रेस कार्यकर्ता हुन् । उही देउवा पक्षधरको रुपमा कास्कीमा स्थापित छन् । उल्लेखित आकांक्षीहरु मध्ये सभापतिका उम्मेदवार शुक्रराजले युवराज कुँवर, सुदिपमोहन र विष्णु पौडेललाई आफ्नो पक्षमा राखिरहन विभिन्न प्रयास गरेपनि त्यो सम्भावना टरेको छ । जसका कारण सचिव पदका उम्मेदवारहरु प्यानलमा भन्दा व्यक्तिगत रुपमा चुनावमा जाने सम्भावना देखिएको छ । तैपनि भट्टराई क्षेत्र नं. १ को भएकाले क्षेत्रीय रुपमा तथा कुँवर क्षेत्री भएकाले जातीय रुपमा कृष्ण केसीसंग नजिक रहेको हुन सक्ने अनुमान गरिएको छ ।

कास्की कांग्रेसको जिल्ला कार्यसमिति सदस्य बन्न भने दजनौंले चाहना गरेका छन् । सदस्यमा निर्वाचित भएपछि उपसभापति, सचिव र सह-सचिवमा मनोनित हुन सकिने सम्भावनाले पनि पुरानादेखि युवा पुस्ताका कांग्रेस सदस्य बन्न इच्छुक देखिएका छन् । क्षेत्र नं. १ बाट गौरी सापकोटा, शिव अधिकारी, रामबाबु भण्डारी, देवेन्द्र रानाभाट, नारायण पौडेल, विश्वरमण अधिकारीका साथै क्षेत्र नं. २ बाट अनिता तिमिल्सिना, विष्णु काकी, मुकुन्द ज्वाला बस्तोला, शिरोमणि बराल, नविन सिग्देल, हरि आचार्य, मिनबहादुर गिरी, दीपक पौडेल, सुमन पोडेल र सुवासको नाम चर्चामा छन् ।

यसैगरी क्षेत्र नं. ३ बाट युवक लामिछाने युवराज, लक्ष्मीबहादुर भट्टराई, भरतराज पौडेल, मदनबहादुर केसी, रमीता आचार्य, भीम गौतम, शारदा गिरी र क्षेत्र नं. ४ बाट गौमती थापा, भरत अधिकारी, शंकर बुंगाला, विष्णुबहादुर क्षेत्री, अमरबहादुर काकी, विजय गुरुङ लगायतले जिल्ला सदस्य बन्न चाहना गरेका छन् ।

'यातायात व्यवसायलाई धराशायी बनाउने खेल'

पदकार बानियालाई सम्मान गर्दै ।

गोल्डेन न्यूज संवाददाता
पोखरा २४ माघ ।

भण्डै साढे ४ दशकको इतिहास बोकेको पृथ्वी राजमार्ग बस सञ्चालक समितिले ४४औं वार्षिकोत्सव विभिन्न कार्यक्रम गरी मनाएको छ । वार्षिकोत्सवको अवसरमा रक्तदान, सरसफाई झेँक्ने वृद्धाश्रमलाई सहयोग गरेको समितिले आइतवार विशेष कार्यक्रम गरी असल चालक, कर्मचारी, मजदुरका छोराछोरी र पदकारलाई सम्मान गरेको छ ।

कार्यक्रममा पदकारिता मार्फत यातायात सम्बन्धि समाचार सँप्रेषण गरी सयोग पुर्याएको भन्दै एभिसी टिभीका पोखरा सवाददाता एव पिपपोखरा डटकमका सम्पादक गोकुल बानियालाई सम्मान गरियो । नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका अध्यक्ष दिनेश भण्डारी, पृथ्वी राजमार्ग बस सञ्चालक समितिका अध्यक्ष एन कुमार साई र नेपाल पदकार महासंघ कास्कीका अध्यक्ष रामकृष्ण ज्वालीले गद प७० हजार सहित सम्मानपत्रद्वारा बानियालाई सम्मान गरेका थिए । ज्वालीको संयोजकत्वमा गठित पुरस्कार छनौट समितिको निर्णयको आधारमा बानियालाई सम्मान गरिएको हो । पोखरामा रहेर पदकारिता मार्फत यातायात क्षेत्रमा योगदान पुर्याउने एक जनालाई हरेक वर्ष यो पुरस्कार प्रदान गरिँदै आएको छ ।

त्यस्तै कार्यक्रममा मजदुर कर्मचारीका छोराछोरी तर्फ २०७१ सालको एसएलसीमा उत्कृष्ट अंक ल्याउने अभिषेक पौडेल र गुप्त आचार्यलाई सम्मान गरियो । गुप्ता ज्ञान विज्ञा पदकवाट पनि सम्मानित भईन । त्यस्तै उत्कृष्ट चालकको रुपमा गद्य ३,३२२ नम्बरका चालक चिरिञ्जिवी पौडेल सम्मानित भए । समितिले वार्षिकोत्सव कार्यक्रम मार्फत नै यातायात मजदुरस गठनलाई प्रशिक्षित गराउनको लागि ५० हजार रुपैया प्रदान गरेको छ । कार्यक्रममा बोल्दै यातायात व्यवसायी राष्ट्रिय महासंघका अध्यक्ष भण्डारीले सरकारले यातायात समिति नबिकरण नगरे देशव्यापी आन्दोलनमा होमिने चेतावनी दिए । समितिलाई कम्पनीमा लैजाने वाहानामा यातायात क्षेत्र धराशायी बनाउने खेल भैरहेको उनले बताए । उनले सरकारले यातायात क्षेत्रको लगानी संरक्षण गर्न नसकेको समेत आरोप लगाए ।

महासंघका महासचिव सरोज सिटौलाले राजनीतिक पार्टीदेखि यातायात व्यवसायी आक्रान्त भएको बताए । राजनीतिक पार्टीले यातायात क्षेत्रको लगानी डुबाउन लगेकाले महासंघले नै व्यवसायीको लगानीको संरक्षण गर्न उनले बताए । पदकार महासंघ कास्कीका अध्यक्ष रामकृष्ण ज्वालीले पोखराको यातायात क्षेत्रमा देखिएको विवाद तत्काल अन्य गर्न सुझाव दिए । समितिका महासचिव योगेन्द्र बहादुर केसीले वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गरेका थिए । कार्यक्रम समितिका अध्यक्ष एन कुमार साईको अध्यक्षतामा सम्पन्न भएको थियो ।

सागमा नेपाल ३ रजत, ६ कास्यसहित पाचौं स्थानमा

भारत २४ माघ ।

भारतमा जारी बाह्रौं दक्षिण एसियाली खेलकुद (साग) को दोश्रो दिन नेपालले ६ पदक जितेको छ । नेपालले आइतवार २ रजत र ४ कास्य जितेको हो । आइतवार नेपालले उसलु तर्फको थाउलोमा २ रजत, भारतोलन, कुस्ती, स्विमिङ्ग र टेबलटेनिसमा १/१ कास्य जितेँ नेपालको पदक संख्या ९ पुऱ्याएको हो । तेस्रो दिनसम्मको खेल सकिंदा भारत २७ स्वर्ण, १२ रजत र ३ काश्यसहित कुल ४२ पदक सहित पदक तालिकाको अग्र स्थानमा कायमै छ । श्रीलंका ८ स्वर्ण, १७ रजत र १२ काश्यसहित ३७ पदकसहित दोश्रो, पाकिस्तान २ स्वर्ण, ४ रजत र ७ काश्य गरी कुल १३ पदकसहित अंक तालिकाको तेश्रो, बंगलादेश २ स्वर्ण, २ रजत र १३ काश्यस गरी कुल १७ पदक सहित चौथो स्थानमा छ ।

त्यस्तै, नेपाल ३ रजत र ६ कास्य गरी कुल ९ पदकसहित अंक तालिकाको पाचौं र अफगानिस्तान १ रजत र ३ काश्यगरी कुल ४ पदकसहित अंक तालिकाको छैठौं स्थानमा रहेको छ । मान्दिप्स र भुटानले अझैसम्म पनि खाता खोल्न सकेका छैनन् ।

तेश्रो दिन नेपालले इई रजत

नेपालले आइतवार दोश्रो दिन उसुतर्फको थाउलोमा २ काश्य पदक जितेको छ । सिलोझमा भएको खेलमा सुस्मिता ताम्राङ र विजय सिञ्जालीले रजत पदक जितेका हुन् । रजत पदक विजेता सुस्मितले ८ दशमलव ८२ अंक प्राप्त गर्दै पदक जितेकी थिइन् । सो स्पर्धामा श्रीलंकाले स्वर्ण र भारतले काश्य पदक जित्यो । अर्को खेलमा विजयले ८ दशमलव ८० अंक प्राप्त गर्दै रजत पदक जिते । सो स्पर्धामा भारतले स्वर्ण पदक जित्यो भने पाकिस्तानले काश्य पदक जित्यो । यी दुवै स्पर्धामा नेपालले स्वर्णको आशा गरेको थियो । जुनुमाया, गौरीका र रामबहादुरले जिते काश्य नेपालले आइतवार ४ काश्य पदक जितेको छ । आइतवार स्विमिङ्ग, कुस्ती, भारतोलन र टेबलटेनिसमा नेपालले एक/एक काश्यपदक जितेको हो । नेपालकी लागि नवयुग श्रेष्ठ ले ह्याट्रिक गरे । उनले ३६, ७६ र ८४ औं मिनेटमा गोल गर्दै ह्याट्रिक गरेका हुन् । खेलको ४५ औं मिनेटमा विशाल राईले र अञ्जन विष्टले ५१ औं मिनेटमा गोल गरेका थिए । नेपालले ११ तारिखमा बंगलादेशसंग प्रतिस्पर्धा गर्दै छ । यसैगरी महिला फुटबलमा पनि नेपालले दोश्रो सफलता पाएको छ । सिलोझमा आइतवार भएको खेलमा मालदिभ्सलाई २/० ले हराउँदै नेपाले दोश्रो जित हात पारेको हो । नेपालको जितमा क्याप्टेन अनु लामा र निरु थापाले गोल गरे । अनुले पहिलो हाफको ३६औं मिनेटमा गोल गर्दै अग्रता दिलाएकी थिइन् । उनले सांघिय भण्डारीको पासमा उत्कृष्ट गोल गरेकी हुन् । मालिभ्स विरुद्ध एकतर्फी दबाव दिएको नेपालले ९९ औं मिनेटमा अनुको गोलसँगै जित सुनिश्चित गऱ्यो । विपक्षीको मिसपासमा पाएको गोल गर्ने अवसर उनले सहजै सदुपयोग गरिन् ।

स्रोत : सन्देश श्रेष्ठ

कृषकलाई पर्नि पेन्सन

काठमाडौं २४ माघ ।

सरकारी कर्मचारीले सेवानिवृत्त भएपछि सरकारबाट मासिक पेन्सन पाउँछन् । तर, कृषिमन्त्री हरिबोल गजुरेलको घोषणामा विश्वास गर्ने हो भने भविष्यमा कृषकले पनि सरकारी जागिरेले जस्तै पेन्सन बुझ्न थाल्नेछन् । कृषकलाई पेन्सन दिन कृषि विकास मन्त्रालयले तयारी पालिसकेको छ । कृषि पेसालाई मर्यादित बनाउन र कृषकको आर्थिक अवस्था उकास्न पेन्सनको व्यवस्था गर्न लागिएको मन्त्री गजुरेलले बताए । मन्त्री गजुरेलले गत १३ मंसिरमा कृषि विकास मन्त्रालयको पतिवद्धता-०७२ सार्वजनिक गर्दै कृषक सुरक्षाभत्ता अर्थात् पेन्सन दिने व्यवस्था मिलाउने घोषणा गरेका थिए । कृषकलाई पेन्सनको व्यवस्था गर्न मन्त्रालयले विसाल सुरुआ कोष गठन गर्ने भनेको छ ।

कोषमा केही रकम कृषकले हाल्नुपर्ने छ भने बाँकी रकम

बाँकी २ पृष्ठमा.....

विविध माग राख्दै क्रान्तिकारी विद्यार्थी आन्दोलित

गोल्डेन न्यूज संवाददाता
पोखरा २४ माघ ।

एमाओवादीको विद्यार्थी संगठन अखिल (क्रान्तिकारी) ले पोखराका तीन क्याम्पसमा रचनात्मक विरोध कार्यक्रम गरेको छ । कालो बजारीको अन्त्य, पेट्रोलियम पदार्थको सहज उपलब्धता, सबै किसिमका यातायातमा ४५ प्रतिशत विद्यार्थी सहुलियत कार्यान्वयन र भाडा समायोजनको माग गर्दै क्रान्तिकारी विरोधमा उत्रिएको हो । पोखराको लामाचौरस्थित इन्जिनियरिङ क्याम्पस, हरियोखर्कस्थित वन क्याम्पस र सिमलचौरस्थित जनपिप्र बहुमुखी क्याम्पसमा क्रान्तिकारी विद्यार्थीहरु विरोधमा उत्रिको जिल्ला अध्यक्ष नारायण बडालले जानकारी दिए । उनीहरु अश्विमा कालोपट्टी बाँधेर र कपासले कान बन्द गरेर विहान ९ देखि १० बजेसम्म १ घण्टा विरोधमा उत्रिएका थिए । जनताको समस्यामा सरकारले आँखा चिम्लेर र कान बन्द गरेर बसेकोले साकोंतिक रुपमा विरोधमा उत्रिएको अध्यक्ष बडालले बताए । यी मागहरु सरकारले नसुने अझै सशक्त आन्दोलनमा उत्रिने उनले जनाए । इन्जिनियरिङ क्याम्पसमा क्रान्तिकारीका इकाई अध्यक्ष लोचन देवकोटा, वन क्याम्पसमा इकाई अध्यक्ष दिपेश शर्मा र जनपिप्रमा इकाई संयोजक विष्णव भण्डारीको नेतृत्वमा विरोध कार्यक्रम सम्पन्न भएको थियो ।

जनप्रिय बहुमुखीमा ज्ञापनपत्र

एमाओवादीको विद्यार्थी संगठन अखिल (क्रान्तिकारी) ले पोखराको सिमलचौरस्थित जनप्रिय बहुमुखी क्याम्पसमा १५ बुँदे मागपत्र पेश गरेको छ । शुक्रबार क्रान्तिकारीका क्याम्पस इकाई संयोजक विष्णव भण्डारीले क्याम्पस प्रमुख विरज्जी गौतमलाई मागपत्र बुझाएका हुन् । क्रान्तिकारीले विविएस प्रथम वर्षका विद्यार्थीको भर्ना तथा मासिक शुल्कमा भएको वृद्धि तुरुन्त हटाउनुपर्ने, जनप्रियबाटै हवा जोड दुई उत्तीर्ण विद्यार्थी हरुलाई विविएस प्राथमिकता दिनुपर्ने, प्रत्येक संकायमा शैक्षिक सत्रको अन्त्यमा शैक्षिक भ्रमणको व्यवस्था गर्नुपर्ने माग गरेको छ । मागपत्रमा पुस्तकालयमा भएका पुराना संस्करणका पुस्तकहरुको सट्टा नयाँ संस्करणका पुस्तकहरु त्याउनुपर्ने, नपुगेका पुस्तक थप्नुपर्ने, विद्यार्थीले तिर्ने शुल्कको अनुपातसँगै सम्पूर्ण संकायमा विद्यार्थीहरुले पाउने सुविधा वृद्धि गर्नुपर्ने, कम समय अध्यापन गराउने प्राध्यापकलाई चेतावनी दिने लगायतका माग समावेश छन् ।

क्रान्तिकारी का जिल्ला सहसचिव समेत रहेका विष्णव भण्डारीले छात्रवृत्ति, ल्याब, भौतिक संरचना, खेलकुद, सुचना केन्द्र, सरसफाईलगायतमा सम्बन्धित रहेर मागपत्र पेश गरेको बताए । उनले उक्त मागहरुको सम्बोधन नभए आन्दोलनमा उत्रिने चेतावनी दिए । मागपत्र बुझ्दै क्याम्पस प्रमुख विरज्जी गौतमले क्याम्पसको आफ्नै सीमा र समस्याहरु भएकोले उचित मागहरुको सम्बोधन गर्ने तयार रहेको बताएका थिए ।

पोखरा इन्जिनियरिङमा तालाबन्दी

पोखराको लामाचौरस्थित इन्जिनियरिङ अध्ययन संस्थानमा अखिल (क्रान्तिकारी) ले अनिश्चितकालिन तालाबन्दी गरेको छ । क्रान्तिकारीको क्याम्पस इकाई समितिले माग सम्बोधन नभएको भन्दै शुक्रबार क्याम्पस प्रमुखको कार्यकक्षमा तालाबन्दी गरेको हो ।

क्रान्तिकारीले केही समय अघि होस्टेलमा तत्काल नामाबली प्रकाशन गर्नुपर्ने, लाइब्रेरीमा पुस्तकहरुको समस्या समाधान गर्नुपर्ने, क्याम्पसलाई इन्जिनियरिङ केन्द्र बनाउने कुरामा प्रशासनले पहल गर्नुपर्ने लगायतका माग राखेको थियो । लामो समयसम्म पनि प्रशासनले आफ्नो मागप्रति वेवास्ता गरेकोले तालाबन्दी गर्नुपरेको इकाई क्रान्तिकारीका इकाई अध्यक्ष लोचन देवकोटाले बताए । उनले माग सम्बोधन भएर कार्यान्वयन नहुँदासम्म तालाबन्दी नखोल्ने जानकारी दिए ।

कास्की लिग फुटबलमा नवआदर्श र एलजी विजयी

गोल्डेन न्यूज संवाददाता
पोखरा २४ माघ ।

पोखरामा जारी बलराम केसी स्मृति रेडबुल जिल्लास्तरीय लिग फुटबल प्रतियोगिता अन्तर्गत आइतबार सम्पन्न खेलमा नवआदर्श सामुदायिक विकास समाज लामाचौर र एलजी एशोसिएशन विजयी भएका छन् ।

आइतवार पोखरा रंगशालाको फुटबल मैदानमा सम्पन्न पहिलो खेलमा नवआदर्श सामुदायिक विकास समाज लामाचौरले गाहेँन फुटबल क्लबलाई ६-१ गोलको फराकिलो अन्तरले पाखा लगाउदै विजयी भयो । नवआदर्शका लागि ईश्वर बाँस्यालें ३ गोल गर्दै ह्याट्रिक गरे । उनले ८, २२ र ४२ औं मिनेटमा गोल गर्दै ह्याट्रिक गरे भने १५औं मिनेटमा दिनेश श्रेष्ठ, २३औं मिनेटमा किशोर गुरुङ र ३२औं मिनेटमा सञ्जिश गुरुङले आदंशका लागि गोल गरे । गाहेँनका लागि मिलन गुरुङले ६१औं मिनेटमा सान्त्वना गोल गरे ।

अर्को खेलमा एलजीले इन्डी इन्देणीका लागि एक मात्र सान्त्वना गोल ३८औं मिनेटमा प्रदिप खत्रीले गरेको बताएका थिए ।

खेलपति माथा : पोखरामा जारी बलराम केसी स्मृति रेडबुल कास्की लिग खेल्न लागेको पोखराको नागढुङ्गा युवा क्लबलाई जर्सी सहयोग भएको छ । नेप्ट पोखराले नागढुङ्गा क्लबलाई १५ थान जर्सी सहयोग गरेको हो । नेप्ट पोखराका कार्यक्रम निर्देशक आरोस्य बजीमयले क्लबका अध्यक्ष विनोद लामिछानेलाई जर्सी हस्तान्तरण गर्दै । तस्वीर : गोल्डेन न्यूज दैनिक

११ मिनेटमा सिद्धार्थ रञ्जित, २८ मिनेटमा प्रदिप गुरुङ, ४७ मिनेटमा अजित गुरुङ र ५५ र ७८ मिनेटमा विश्व गुरुङले दुई गोल गरे भने ७१औं मिनेटमा सान्त्वना गोल गरे ।

अर्को खेलमा एलजीले इन्डी इन्देणीका लागि एक मात्र सान्त्वना गोल ३८औं मिनेटमा प्रदिप खत्रीले गरे । प्रतियोगिता अन्तर्गत सोमबार ह्युम साइड विरुद्ध संगम, आदर्श क्लब विरुद्ध हेम्जा, सत्युवा विरुद्ध नागढुङ्गा र नयाँगाउ विरुद्ध एक्सिले प्रतिस्पर्धा गर्नेएन्का कास्कीका अध्यक्ष धर्मबहादुर लामिछानेले जानकारी दिए ।

जितेपनि वा हारेपनि फेरि उम्मेदवार बन्दिन-केसी

राजाराम पौडेल
पोखरा २३ माघ ।

नेपाली कांग्रेस कास्कीको सभापति पदका उम्मेदवार कृष्ण केसीले पार्टीको क्षेत्रीय अधिवेशनबाट आएको परिणामले आफ् उत्साहित भएको भन्दै सभापति पदमा विजयी हुने दावी गरेका छन् । आइतवार सुनौलो एफएमसंग कुरा गर्दै उनले ४ बटा क्षेत्रमा भएको क्षेत्रीय अधिवेशनबाट आएको परिणामले आफ्नो सम्भावनालाई बलियो बनाएको बताए । 'कास्की कांग्रेसको सभापतिमा निर्वाचित हुनेमा म विश्वस्त छु', केसी भन्छन्,-'कास्कीका चारवटै क्षेत्रबाट आएको आएको परिणाम र मपाईको सहानुभूतिले उच्च मनोबलका साथ अगाडि बढ्न हौस्याएको छ ।'

गुट-उपगुट भन्दा पनि कार्यकर्ताको मूल्याङ्कन महत्वपूर्ण हुने हुदाँ अत्यधिक मतले निर्वाचित हुने उनको दावी छ । कास्की कांग्रेसको नेतृत्व कस्लाई दिने भन्नेमा नेता भन्दा कार्यकर्ता बढि चिन्तित भएको बेला कास्की कांग्रेसको एकता, सुदृढ र सशक्त संगठनको लागि केसीले मत पाउने आंकलन गरिएको छ । आफूले सबै नेतालाई सम्मान गर्ने बताउने केसी नेपाली कांग्रेस कास्कीको अधिवेशन एकता र सम्मानको अधिवेशन बन्नुपर्नेमा जोड दिन्छन् । हाल नेपाली कांग्रेसमा चालिस प्रतिशत युवा क्रियाशिल रहेको र त्यतिनै संख्यामा प्रतिनिधि चयन भएकोले युवाहरुको राजनीतिक भविष्य सुरक्षित छ भन्ने सम्भावनाका लागि पनि आफनो उम्मेदवारी रहने उनले बताए ।

एक व्यक्ति एक कार्यकालको पक्षमा आफू रहेको बताउदै केसीले यसपटक जितेपनि वा पराजित भएपनि अर्कोपल्ट सभापतिको उम्मेदवार नबन्ने स्पष्ट पारे । केसी 'गाउँ-गाउँमा संगठन घर-घरमा सदस्यता युवाहरुको हातमा महिलेको नेतृत्व अभियान' सहित उही चुनावी प्रचार-प्रसारका लागि कार्यकर्ता माझ पुगिरहेका छन् । कांग्रेस अध्यर्थिस्त देखिएका भातृसंस्थालाई व्यवस्थित गर्ने, सामाजिक विकास निर्माणका काममा बढि जो दिने ५० वर्ष पछि आउने पुस्ताले समेत सम्झने खालको काम्हरु आफू सभापति भएमा गरेर देखाउने चाहना उनको छ । राजनीति सुरु गरेको दिनदेखि अनवरत रुपमा पार्टी काममा लागेका उनले आफनो व्यक्तिगत जीवनमा आएका आरोह-अवरोहलाई

कृष्ण केसी

कुनै वास्ता नगरि निरन्तर पार्टीमा खटिरहेका छन् । वि.स.२०५१ सालमा आफ्नी धर्मपत्नीको निधन हुंदा समेत पुरा समय परिवारलाई दिएनन् । श्रीमतीको दाहसंस्कार पश्चात् ७० वर्षका बुवालाई कीरिया कर्ममा राखेर उनी २०५१ को मध्यवधि निर्वाचनमा नेपाली कांग्रेसको प्रचार गर्न हिंडे ।

आमा खोजेर रोइरहेका आफ्ना तीन जना (३, ५ र ७ वर्षका) नाबालक छोराको आंशुको प्रवाह नगरि आफनो राजनीतिक यात्रा अगाडि बढाए । उनको प्रभाव र व्यक्तिगत छविका कारण लोकप्रियता बढेको समयमा वि.स.२०५६ साल माघ १ गते राति तत्कालिन नेकपा माओवादीले कास्की कालिका-५ देउमाडीमा रहेको उनको घरमा पुर्रे मरणाशन्न हुने गरि पिटे । मृत्यु भैसक्यो होला भनेर छाडिएका उनी संयोगले बाँचे । उनको खुट्टा भाँचिएको थियो भने शरीरका विभिन्न भागमा गहिरा चोट । उनलाई पूर्ण स्वस्थ्य हुन निकै समय लाग्यो ।

अझैपनि ती पुराना चोटहरुले वेला-वेलामा दुख दिने गरेको उनी बताउँछन् । तत्कालिन समयमा उनी कालिकाबाट पोखरा विस्थापित भएपनि यो घटनाले उनमा निराशा हैन झन् आत्मवल बढेर गयो ।

दोस्रो सविधान सभाको चुनावमा कांग्रेस उमेदवार यज्ञबहादुर थापा विजयी हुनको मुख्य कारण कास्की कांग्रेस का सचिव केसीको कियाशिलता भएको कांग्रेस १ नं. कार्यकर्ताको बुझाइ रहेको छ । इई कार्यकाल नेपाली कांग्रेस क्षेत्र नं. १ कास्कीको क्षेत्रीय सभापतिको जिम्मेवारी कुशलतापूर्वक निभाइसकेका केसीसँग इलाका कमिटीको सभापति, नेपाली कांग्रेसको भात्र संस्था तरुण दल र नेविसंघमा काम गरेको अनुभव छ ।

कांग्रेसको महाधिवेशनमा ४२ प्रतिशत समावेशी प्रतिनिधि

गोल्डेन न्यूज संवाददाता
काठमाडौं २४ माघ ।

नेपाली कांग्रेसको १३औं महाधिवेशनमा झण्डै ४२ प्रतिशत समावेशी प्रतिनिधित्वका आधारमा चुनिएका प्रतिनिधिहरु सहभागी हुने भएका छन् देशभरीका २ सय ४० निर्वाचन क्षेत्रबाट क्षेत्रीय सभापति र ११ जना प्रतिनिधि चयन गर्दा कम्तिमा ५ जना प्रतिनिधि महिला, दलित, जनजाति, मधेसी लगायतको समूहबाट समावेशी प्रतिनिधित्वका आधारमा सहभागी हुने विधानमा व्यवस्था छ। पार्टीको विधानको खण्ड ३ को दफा ८ को उपदफा ७ (१) को व्यवस्था अनुसार, क्षेत्रीय अधिवेशनबाट ११ जना महाधिवेशन प्रतिनिधिका रुपमा चयन गर्दा कम्तिमा दुई महिला, एक दलित, एक आदिवासी जनजाति, एक मधेसी वा मुस्लिम वा अल्पसंख्यक वा पिछडिएको वर्गसहित पाँचजना अनिवार्य प्रतिनिधित्वको व्यवस्था छ।

समावेशी प्रतिनिधित्वका आधारमा महाधिवेशन प्रतिनिधि चयन गर्दा देशभरबाट निर्वाचित भएर आउने सदस्यहरु २८ सय ८० प्रतिनिधिमध्ये कम्तिमा १२ सय प्रतिनिधिहरु समावेशी प्रतिनिधित्व को आधारमा सहभागी हुने छन्। त्यसमध्ये कम्तिमा पनि ४ सय ८० महिला २ सय ४० दलित र २ सय ४० जनजाति प्रतिनिधिले सहभागी हुन पाउने छन्। यसरी चयन हुने ११ जना सदस्यमध्ये ६ जना सदस्य भने खुलातर्फबाट आउने छन् भने प्रत्येक निर्वाचन क्षेत्रका क्षेत्रीय सभापति पदेश प्रतिनिधिकारुपमा महाधिवेशनमा अन्य प्रतिनिधि सरह सहभागी हुन पाउने व्यवस्था छ। विधानको व्यवस्था अनुसार, केन्द्रीय समितिमा पनि समावेशी प्रतिनिधित्वकै आधारमा प्रतिनिधित्व गर्ने व्यवस्था रहेको छ।

पार्टीको ११औं महाधिवेशन पूर्व समावेशी प्रतिनिधित्वको सिद्धान्तको सट्टा सोझै ७ जनाको दरले प्रत्येक निर्वाचन क्षेत्रबाट महाधिवेशन प्रतिनिधि चयन गर्ने चलन थियो। पार्टीको १० औं महाधिवेशन पछि भएको पार्टी विभाजन पश्चात असन्तुष्ट नेता शेरबहादुर देउवा नेतृत्वको नेपाली कांग्रेस (प्रजातान्त्रिक) ले पार्टी विधान संशोधन गरी कर्णाली, दलित, महिला, जनजाति र मधेसी (कदमजम) को आधारमा महाधिवेशन प्रतिनिधि र केन्द्रीय समिति गठन गर्न सुरुवात गरेका थिए पार्टीको १२ औं अधिवेशन पूर्व भएको दुई पार्टीबीचको एकता पश्चात कांग्रेसले आफ्नो विधानमा संशोधन गरी समावेशी प्रतिनिधित्वको व्यवस्था अपनाएको थियो।

एमाले सिद्ध गाउँ कमिटीमा खनाल

गोल्डेन न्यूज संवाददाता
पोखरा २४ माघ ।

नेकपा एमाले सिद्ध गाउँ कमिटीको अधिवेशन सम्पन्न भएको छ । अधिवेशनले दिल्लिराम खनालको अध्यक्षतामा २५ सदस्यीय गाउँ कमिटी गठन गरेको छ । कमिटीको उपाध्यक्षमा सिता गौतम, सचिवमा वामदेव ओझरा र सहसचिवमा रामराज घिमिरे चयन भएका छन् ।

अधिवेशनको उद्घाटन एमाले नेता एवं पूर्वमन्त्री खगराज अधिकारीले गरेका थिए । उद्घाटन

टेनिस प्रतियोगिता जारी

गोल्डेन न्यूज संवाददाता
पोखरा २४ माघ ।

लामा ग्रुपको आयोजना तथा बिजीवि क्याफेको मुख्य प्रायोजनमा लेकसाइड स्थित गुरुङ भिलेज टेनिस कोर्टमा जारी प्रथम सोनाम लोसार कप पोखरा ओपन टेनिस प्रतियोगितामा गोलेन लामा, राजन पौडेल, विनोद गुरुङ र अमृत काफी सेमिफाइनलमा पुगेका छन् । आइतवार भएको क्वाटरफाइनल खेलमा गोलेनले गोपीचन्द्र भट्टराईलाई ६-२, ७-६ ले, राजन पौडेलले नविन चालिसेलाई ६-०, ६-२ ले, विनोद गुरुङले सूर्य शाहिलाई ६-०, ६-३ ले तथा अमृत काफीले राजु गुरुङलाई ७-६ र ६-३ ले पराजित गरे । सोमवार हुने प्रतियोगिताको सेमिफाइनलमा गोलेनले विनोदसँग र राजनले अमृतसंग प्रतिस्पर्धा गर्ने आयोजक समिति सदस्य विरेन्द्र लामाले जानकारी दिए ।

कमिटीमा खनाल

कार्यक्रममा युवा संघ गण्डकी अञ्चल अध्यक्ष नवराज ओझा, पेशागत महासंघ कास्कीका अध्यक्ष ध्रुवसिंह खड्का, तनहुँ एमाले सचिवालय सदस्य प्रदिप अधिकारी लगायतले बोलेका थिए । कार्यक्रममा नेपाली कांग्रेस, एमाओवादी र राष्ट्रिय नेपालबाट एमालेमा प्रवेश गरेका शारदा घिमिरे, बुद्धिसागर ओझा, बुद्धिसागर सुवेदी, शम्सेर परियार लगायतलाई एमाले नेता अधिकारीले टिका लगाएर पार्टी प्रवेश गराएका थिए ।

सृजनाचोकमा गोर्खा कालिका

गोल्डेन न्यूज संवाददाता
पोखरा २४ माघ ।

पोखराको व्यस्त बजार सृजनाचोकमा गोरखा कालिका स्टोर्स सञ्चालनमा आएको छ । युवा व्यवसायी भरत भट्टले करिब दुई करोडको लागतमा डिपार्टमेन्टल स्टोर्स सञ्चालनमा ल्याएका हुन् । स्टोर्सको औपचारिक उद्घाटन यहि माघ २५ गते हुने भट्टले जानकारी दिए ।

उद्घाटनको अवसरमा स्टोर्सले खाद्यान्न सामग्रीको खरिदमा विशेष छुटको व्यवस्था गरेको उनले बताए । गोरखा स्थायी घर भएका युवा व्यवसायी भट्ट हाल पोखरा-५, पस्यांडमा रहदै आएका छन् । उनी यसअघि रेष्टुरां व्यवसायमा आबद्ध थिए ।

पोखरा बहुमुखीका विद्यार्थीलाई करिअर काउन्सिलिङ

गोल्डेन न्यूज संवाददाता
पोखरा २४ माघ ।

पोखराको नयाँबजारमा रहेको पोखरा बहुमुखी क्याम्पसले आइतबार करिअर काउन्सिलिङ सम्बन्धि प्रशिक्षण कार्यक्रम आयोजना गऱ्यो । विश्वविद्यालय तहमा अध्ययनरत विद्यार्थीलाई भविष्यमा सही बाटो देखाउन संघाउने प्रयाजनले उद्देश्यले पाठ्यपुस्तक बाहेक विद्यार्थीलाई बाहिरी ज्ञान दिलाउन स्नातकतहमा अध्ययनरत विद्यार्थीलाई प्रशिक्षण दिएको क्याम्पसले जनाएको छ । प्रशिक्षणमा व्यवस्थापन र मानविकी संकायका ६० विद्यार्थी काउन्सीलिङ कार्यक्रममा सहभागी थिए ।

विद्यार्थीलाई भिष्टोरी भिजन प्रशिक्षण तथा अनुसन्धान इन्स्टिच्यूटका प्रशिक्षक आर मानन्धरले उपयुक्त बाटो लामिछानेले प्रशिक्षण दिएका थिए । क्याम्पस प्रमुख सुनिल मसीनीले प्रशिक्षणले विद्यार्थीमा किताब बाहेकको ज्ञान हासिल हुने बताए । विद्यार्थीले कक्षा उत्तीर्ण गर्ने मात्र नभई व्यवहारिक ज्ञान हासिल गर्न सकुन् भनेर प्रशिक्षण दिलाएको उनले बताए ।

'अधिकांश विद्यार्थीले कक्षा उत्तिर्ण गर्नेका लागि मात्र पढ्ने गर्छन । उनीहरुमा बाहिरी ज्ञान कम हुन्छ,' उनले भने,-'त्यही ज्ञान दिलाउन यस्ता प्रशिक्षण जरुरी छ ।' कुन बाटो रोज्दा भविष्य उज्जवल हुने र त्यसका लागि के गर्नुपर्छ भन्ने थाहा नहुँदा विद्यार्थी अन्योलमा पर्ने भएकोले यो प्रशिक्षण सहयोगी हुनसक्ने उनले बताए । प्रशिक्षक मानन्धरले उपयुक्त बाटो पहिल्याउन नसक्दा कतिपय विद्यार्थी बीचमै पढाई छाड्ने भएकोले उनीहरुलाई बाटो देखाउन यस्ता प्रशिक्षण आवश्यक रहेको बताए ।

भिष्टोरी भिजनकी कार्यकारी निर्देशक कोपिला पौडेलले विद्यार्थीमा भएको क्षमतालाई बाहिर ल्याउन पनि उनीहरुलाई सही तरिकाले काउन्सिलिङ गर्नुपर्ने बताईन् । भिष्टोरी भिजनले शनिवार पोखरामै कन्या क्याम्पसका विद्यार्थीलाई यसैगरि काउन्सिलिङ गरेको थियो । भिष्टोरी भिजनले क्षमता अभिवृद्धि सहित उद्यमशिलता तालिम पनि दिने गर्छ । त्यस्तै विद्यार्थी र युवा-युवतीलाई भविष्य निर्माणमा संघाउने गरि प्रशिक्षण दिन्छ ।

राधाकृष्ण वृद्धाश्रमलाई गुरुङद्वारा सहयोग

गोल्डेन न्यूज संवाददाता
पोखरा २४ माघ ।

रोजगारीको शिलशिलामा हङकङमा बस्दै आएका लेखनाथ-२, रिठेपानी निवासी गंगाबहादुर गुरुङले लेखनाथको लामेआहलमा रहेको राधाकृष्ण वृद्धाश्रमलाई सहयोग गरेका छन्। चार वर्ष पछि नेपाल आएका गुरुङ आईतवार आमा धनसुब्बा गुरुङ सहित लेखनाथ-१२ मा रहेको राधाकृष्ण वृद्धाश्रममा पुगी त्यहाँ बस्दै आएका ४८ जना वृद्धवृद्धाका लागि आवश्यक पर्ने खाद्यसामाग्री, फलफुल तथा नगद सहयोग गरेका हुन् । सहयोग सामाग्री हस्तान्तरण गर्दै गुरुङले वृद्ध-वृद्धालाई सहयोग गर्न पाउदाँ खुसि लागेको बताउदै वृद्धवृद्धालाई सहयोग गर्नु नै वास्तविक सेवा भएको हुदाँ आगामी दिनमा पनि सहयोगलाई निरन्तरता दिने प्रतिबद्धता जनाए ।

राधाकृष्ण वृद्धाश्रमका अध्यक्ष प्रेम लिम्बूले आश्रमको अवस्थाका बारेमा जानकारी गराएको सो कार्यक्रममा संस्थाका उपाध्यक्ष विश्वराज लामिछाने, वम्शमाकुमारी ईश्वरीय विद्यालयकी सुनिता गुरुङ, आश्रमका महन्त पाँडिन्द्रराज सिग्देल र गाहेँन्ड स्टार युवा क्लबका पूर्व अध्यक्ष कृष्ण गुरुङ लगायतले वृद्धाश्रमको विकासका लागि सबैले आ-आफ्नो क्षेत्रबाट सक्दो सहयोग गर्नुपर्नेमा जोड दिएका थिए ।

हाजिरीजवाफ सम्पन्न

गोल्डेन न्यूज संवाददाता
पोखरा २३ माघ ।

लेखनाथ नगरपालिका बडा नं. १२, खुदी-ढुङ्गेपाटन स्थित गोल्डेन नेचर उच्च माध्यमिक विद्यालयमा हाजिरीजवाफ प्रतियोगिता सम्पन्न भयो । कक्षा ७ देखि १० सम्मका विद्यार्थीहरू सहभागी प्रतियोगितामा लिलो सदनका आवेग न्यौपाने, देविद पुन, रोजिना फुयाल र उज्वल विक्रम विश्वासको समूहले प्रथम स्थान प्राप्त गर्न सफल भयो भने पहेलो सदनका प्रमित शर्मा सुवेदी, आर्पिक नरान, दीपा जोशी र किशोर परालुलीको समूहले द्वितीय स्थान प्राप्त गर्न सफल भयो । कार्यक्रमको संयोजन शिक्षकद्वय नवराज गनाभाट र प्रेम बहादुर बुढाथोकीले गरेका थिए । त्यसैगरी कक्षा ९ देखि १० सम्मका विद्यार्थीहरू सहभागी प्रतियोगितामा लिलो सदनका सुरज बरात, आकाश थापा, शितल सुवेदी र सन्देश खतीको समूहले प्रथम स्थान प्राप्त गर्न सफल भयो भने रातो सदनका आदर्श भुर्तेल, अमृता भट्टराई, समीर बराल र रञ्जित फुयालको समूहले द्वितीय स्थान प्राप्त गर्न सफल भए ।

सुन्दर वन वाटिकाको अधिवेशन

गोल्डेन न्यूज संवाददाता
पोखरा २४ माघ ।

सुन्दर वन वाटिका पोखरा-१५ को छैठौं अधिवेशन शनिवार सम्पन्न भएको छ । अधिवेशनका अवसरमा संस्थाले सुन्दर वन तथा हरिहर गुफाको संरक्षण तथा हेरचाहमा विशिष्ट योगदान पुऱ्याएको भन्दै चोमनाथ तिमिल्सिनालाई सम्मान गरेको छ । कार्यक्रमका प्रमुख अतिथि कवि हरिहर तिमिल्सिना र वनका अध्यक्ष विनोद प्रसाद तिमिल्सिनाले सम्मानपत्र सहित दोसल्ला ओढाएर सम्मान गरे । वनका अध्यक्ष तिमिल्सिनाको अध्यक्षतामा भएको कार्यक्रममा टोल विकास संस्था वडा समन्वय समितिका अध्यक्ष पुष्पराज तिमिल्सिना, नित्यानन्द बाटो निर्माण समितिका अध्यक्ष शालिग्राम भट्टराई, संस्थाका सचिव जगनाथ तिमिल्सिना लगायतले वन क्षेत्रको संरक्षण तथा संस्थाका गतिविधिको बारेमा बोलेका थिए ।



सुनौलो पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्यूज राष्ट्रिय दैनिकका लागि अध्यक्ष प्रधान सम्पादक अगाधर पराजुली, निर्देशक हरिणि बराल, संस्थापक सम्पादक रीता गुरुङ
कार्यालय : चिल्हेङ्गा (सुनौलो भवन), पोखरा, फोन:०६१-५३९,५४५, फ्याक्स : ५६२२२२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण गोल्डेन अफसेट प्रेस, चिल्हेङ्गा, पोखरा